# एनसेल बन्यो भोल्टे रोमिङ सेवा सुरु गर्ने पहिलो नेपाली कम्पनी

आर्थिक संवाददाता
काठमाडौं, साउन १९

नेपाल भ्रमणमा आउने विदेशीका साथै बाहिर जाने ग्राहकहरूका लागि भ्वाइस ओभर लङ टर्म इभोल्युसन (भोल्टे) अन्तर्राष्ट्रिय रोमिङ सेवा सुरू गर्ने एनसेल पहिलो नेपाली टेलिकम कम्पनी बनेको छ । यससँगै अब ग्राहकहरूले विदेश यात्रा गर्दा पनि स्पष्ट सुनिने भ्वाइस कल र उच्च गतिको डेटा सेवा उपयोग गरी सधैं अन रहन सक्नेछन् ।

एनसेलले पहिलादेखि नै विभिन्न देशबाट नेपाल आउने विदेशीहरूलाई इनबाउन्ड भोल्टे रोमिङ सेवा दिंदै आएको छ । कम्पनीले अब आफ्नो सेवा विस्तार गर्दै सोमबारबाट लागू हुने गरी भारत जाने ग्राहकहरूका लागि एयरटेलसँगको साझेदारीमा आउटबाउन्ड भोल्टे रोमिङ सेवा पनि प्रदान गर्न थालेको हो । भोल्टे दूरसञ्चार क्षेत्रको एक नयाँ प्रविधि हो । यसले फोरजी नेटवर्कमार्फत अझ छिटो कनेक्ट हुने उच्च गुणस्तरीय आवाजसहितको एचडी कल सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ । यो सेवा थपिँदा पहिला नै उत्कृष्ट रोमिङ अफरको फाइदा लिइरहेका एनसेलका ग्राहकहरूका लागि भारतको रोमिङ अझै परिष्कृत भएको छ ।

विभिन्न उद्देश्यका साथ नेपाल भ्रमणमा आउने अन्तर्राष्ट्रिय पर्यटक समेत सबै ग्राहकलाई उत्कृष्ट डेटा र भ्वाइस सेवा अनुभव प्रदान गर्न एनसेल प्रतिबद्ध रहेको जनाइएको छ । ग्राहकहरूलाई भारत भ्रमणका बेलामा गुणस्तरीय सेवा प्रदान गर्न एयरटेलसँग साझेदारी गर्न पाएकोमा कम्पनी खुसी रहेको र थप अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग भोल्टे रोमिङ विस्तार गर्न परीक्षणहरू गरिरहेको एनसेलले जनाएको छ । एनसेलले भारतको जियो र भोडाफोन, अमेरिकाको एटी एन्ड टी, टी मोबाइल, र भरिजोन, जापानका सफ्ट बैंक र एनटीटी डोकोमो, चीनको चाइना मोबाइल र चाइना युनिकम तथा क्यानडाको बेल र टेलसलगायतका प्रमुख अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग आउटबाउन्ड रोमिङ सेवा परीक्षण गरिरहेको छ ।

इनबाउन्ड भोल्टे रोमिङका लागि एनसेलले एयरटेल र जियो (भारत), चाइना मोबाइल (चीन), ओरेडू (कुवेत), मोबिली (साउदी अरेबिया), एटी एन्ड टी (अमेरिका) र भियटेल (भियतनाम)का ग्राहकहरूलाई भोल्टे रोमिङ सेवा दिंदै आएको छ ।

# ग्यालेक्सी जेड फोल्ड७ र जेड फ्लिप७ को प्रि–अर्डर घोषणा

आर्थिक संवाददाता
काठमाडौं, साउन १९




सामसङ नेपालले ग्यालेक्सी जेड फोल्ड७ र जेड फ्लिप७ को प्रि–अर्डर घोषणा गरेको छ । कम्पनीले नयाँ यी फोल्डेबल स्मार्टफोनहरू साउन २२ गतेदेखि साउन २९ गतेसम्म प्रि–अर्डर गर्न मिल्ने जनाएको छ ।

ग्यालेक्सी जेड फोल्ड७ ले हालसम्मकै सबैभन्दा पातलो र हलुका फोल्ड सिरिजमा ग्यालेक्सी डिजाइन, क्यामेरा कार्यक्षमता र एआई प्रविधिलाई एकसाथ ल्याएको छ । यो डिभाइसले अल्ट्रा–स्मार्टफोनको रूपमा प्रिमियम प्रदर्शन प्रदान गर्छ भने खोल्नेबित्तिकै ठूलो र इमर्सिभ डिस्प्लेमार्फत कार्यक्षमता र उत्पादकत्वमा नयाँ स्तर प्रदान गरेको कम्पनीले जनाएको छ । यस्तै, ग्यालेक्सी जेड फ्लिप७ चाहिँ स्मार्ट एआई फिचरहरूसहित दैनिक प्रयोगका लागि बनाइएको खल्तीमै अट्ने कम्प्याक्ट सहायक हो । यो स्मार्टफोन सानो भए पनि शक्तिशाली अनुभव दिन सक्षम रहेको जनाइएको छ ।

यस्तै, ग्यालेक्सी जेड फ्लिप७ ले परिष्कृत डिजाइन ल्याएको छ, जसमा अब झनै ठूलो र उपयोगी कभर स्क्रिन छ । दुईवटा क्यामेराको वरिपरि रहेको यसको बेझेल मात्र १.२५ मिमि मोटाइको छ । फ्लिप७ को मुख्य क्यामेराले अहिले झनै राम्रो स्टेबलाइजेसन र रङको सटिकता दिन्छ भने थर्मल म्यानेजमेन्ट र सफ्टवेयर सुधारमार्फत ब्याट्री लाइफ पनि अझ लामो बनाइएको छ ।

# सुदूरपश्चिम रोयल्सको एक्सिलेन्स पार्टनर मार्भल टेक्नोप्लास्ट

काठमाडौ साउन १९ । सुदूरपश्चिम रोयल्सले दोस्रो सिजनको नेपाल प्रिमियर लिग (एनपीएल) का लागि मार्भल टेक्नोप्लास्ट प्रालिलाई एक्सिलेन्स पार्टनर नियुक्त गरेको छ ।

कम्पनीले यस सिजनलाई सफल बनाउने र आगामी सिजनहरूमा पनि आपसी समझदारीका आधारमा साझेदारीलाई निरन्तरता दिने अपेक्षा राखेको बताएको छ । मार्भल टेक्नोप्लास्ट प्रालिका उपाध्यक्ष पवनकुमार सान्चेतीले नेपाल प्रिमियर लिगको सुदूरपश्चिम रोयल्ससँग सहकार्य गर्न पाउँदा उत्साहित भएको बताए ।

क्रिकेटले नेपालभर लाखौँ मानिसलाई जोड्ने र प्रेरित गर्ने काम गर्ने भएकाले नयाँ प्रतिभालाई साथ दिन र नेपालको खेलप्रेमी समुदायसँग अझ गहिरो सम्बन्ध स्थापित गर्न सुदूरपश्चिमसँग साझेदारी गरिएको उनले बताए ।

# प्रोटोनको ‘ड्रिम अ ड्रिम’ क्याम्पेन

आर्थिक संवाददाता
काठमाडौं, साउन १९

अटोमोटिभ ब्रान्ड प्रोटोनले नेपालमा 'ड्रिम अ ड्रिम' अभियान सुरू गरेको छ । कम्पनीले यस अभियानबाट नेपाली परिवर्तनकर्ताहरूलाई आर्थिक सहयोग र मार्गदर्शन प्रदान गर्ने लक्ष्य लिएको छ ।

अभियानअन्तर्गत प्रोटोनले नेपाली उद्यमी, नवप्रवर्तक तथा सपना देख्ने व्यक्तिहरूद्वारा प्रस्तुत गरिएका उत्कृष्ट तीन आइडियाहरूलाई जनही पाँच लाखसम्मको सहयोग प्रदान गर्नेछ । सबै नेपाली नागरिकहरूका लागि आवेदन खुला गरिएको कम्पनीले जनाएको छ । जुन सजिलै स्क्यान गर्न मिल्ने क्युआर कोडमार्फत दर्ता गर्न सकिनेछ । आवेदन बुझाउने अन्तिम मिति २०२५ अक्टोबर ३१ सम्म रहेको छ । तीन विजेताहरूले वित्तीय सहयोग मात्र होइन, शार्क ट्याङ्क नेपालको आगामी सिजनका लागि अझ उच्च चुनौती र अवसरका लागि आफ्नो विचारलाई थप परिष्कृत गर्न अनुभवी मार्गदर्शन र सहयोग पनि प्राप्त गर्नेछन् ।

प्रोटोनका लागि नेपालको आधिकारिक विक्रेता जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ताले यस अभियानमार्फत सपना र सम्भावनामा लगानी गरेर नेपालको भविष्य निर्माण गर्न खोज्नेहरूलाई सहयोग गरिने जानकारी दिए । यस 'ड्रिम अ ड्रिम' अभियानका विजेताहरूको घोषणा २०२५ नोभेम्बरमा गरिने जनाइको छ । त्यसपछिको चरणमा प्रोटोन र यसका साझेदारहरूको सहयोगमा एक विशेष 'मेन्टरसिप यात्रा' सुरू गरिने कम्पनीको छ ।

# रैथाने कृषि उपजलाई बजारीकरण गर्दैं ‘ढिकी जाँतो’

आर्थिक संवाददाता
काठमाडौं, साउन १९

परम्परागत औजार 'ढिकी जाँतो'को नामबाट केही युवाले काठमाडौंमा स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्रीलाई संकलन गरेर सहरवासीको भान्सामा पुऱ्याउने काम गर्न थालेका छन् ।

चार्टर एकाउन्टेन्ट कृष्ण प्रसाद शर्मा, आईटी इन्जिनियर अश्विन सापकोटा र उनीहरूका अन्य साथीहरूबीच स्थानीयस्तरमा उत्पादन हुने स्थानीय प्रजातिका खाद्यान्नलाई सिधै उपभोक्ताको भान्सासम्म पुऱ्याउन उनीहरूले 'ढिकी जाँतो' सञ्चालनमा ल्याएका हुन् । विशेषतः विभिन्न हिमाली तथा पहाडी क्षेत्रका कृषकहरूको स्थानीय रैथाने उत्पादनलाई उचित मूल्य प्रदान गरी उक्त उत्पादित कृषिजन्य वस्तुहरूलाई सहरी क्षेत्रका उपभोक्तासम्म पुऱ्याउने हेतुले ढिकी जाँतो –'फार्म फ्रम होम' अवधारणा ल्याइएको सञ्चालकहरूको भनाइ छ । 'स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्रीहरूलाई संकलन एवं प्रशोधन गरी उपभोक्तहरूको भान्सामा पुऱ्याउन हामीले छुट्टै प्रणाली स्थापना गरेका छौँ,' सञ्चालक शर्मा भन्छन्, 'ढिकी जाँतो वेबसाइटमार्फत उत्पादक र उपभोक्तालाई सिधै जोड्ने प्रणालीको विकास गर्ने योजना गरेका छौँ ।'

उनका अनुसार स्थानीय उत्पादन भन्नेबित्तिकै प्रायः सबैले अर्गानिक भन्दै बजारीकरण गरिरहेको देखिन्छ । 'अर्गानिक मुखले भनेर मात्र हुने कुरा होइन, उत्पादन प्रक्रियादेखि नै अनुगमन हुनुपर्ने र सर्टिफाई गर्ने प्रक्रिया एवं विधि पनि लामो हुने भएकाले हाम्रो अहिलेको प्राथमिकता रैथाने उत्पादनलाई उपभोक्तामाझ पऱ्याउनु रहेको छ', सञ्चालक शर्मा भन्छन् । जुन भूगोलमा उत्पादन भएको खाद्य सामग्री हो, त्यसलाई त्यही भूगोलकै भनेर जेन्युन खाद्य सामग्री उपभोक्ताको भान्सामा पुऱ्याउने गरिएको कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार जुम्ला, मुस्ताङलगायत हिमाली जिल्ला र उच्च पहाडी जिल्लामा उत्पादन हुने खाद्य सामग्री संकलन गरेर ल्याउने त्यसलाई प्रशोधन गरेर जुन जिल्लाको उत्पादन हो त्यो उपभोक्तालाई जानकारी दिएर बिक्री वितरण गर्ने गरिएको छ । कम्पनीले स्थानीय किसानहरूबाट खाद्य वस्तुहरूको संकलन गरेर ढिकी जाँतो संकलन केन्द्रमा ल्याउने गरेको छ ।

यसरी संकलन गरेको खाद्य सामग्री ढिकी जाँतो प्रशोधन केन्द्रमा पुऱ्याइन्छ । प्रशोधन केन्द्रबाट ढिकी जाँतो प्याकेजिङ केन्द्रमा लगेर प्याकेजिङ गरिसकेपछि सामाजिक सञ्जाल, वेबसाइट, ढिकी जाँतो स्टोरमार्फत उपभोक्तको भान्सासम्म खाद्य सामग्री पुऱ्याउन व्यवस्था मिलाइएको अर्का सञ्चालक सापकोटा बताउँछन् । ढिकी जाँतोको नर्सरी चोक, ढुंगेधारा, वनस्थली र सामाखुशीबाट टोखा जाने बाटोको टोखा रोड, खरिबोट, काठमाडौंमा स्टोर रहेको छ । अनलाइनबाट अर्डर गर्ने उपभोक्ताहरूलाई ढिकी जाँतोले होमडेलिभरी गर्ने व्यवस्था मिलाएको छ ।

ढिकी जाँतोले युवालाई कृषिमा आकर्षित गराउन, किसानलाई रैथाने बाली लगाउन अभिप्रेरित गर्न तथा किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरणको व्यवस्था गर्ने काम गरिरहेको छ । कम्पनीले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट सहुलियतपूर्ण स्टार्टअप कर्जा पनि प्राप्त गरिसकेको छ । ढिकी जाँतोले चामल, दाल, गेडागुडी, पिठो, च्याख्ला एवम् परम्परागत खाद्य वस्तुहरू जस्तै गुन्द्रुक, मस्यौरालगायत अन्य रैथाने उत्पादनलाई उपभोक्तको भान्सासम्म पुऱ्याउँदै आइरहेको छ ।

साथै, उत्पादनहरू विभिन्न थकाली तथा अन्य रेस्टुरेन्टमार्फत उपभोक्तामाझ पुऱ्याउँदै आएको छ । विशेषतः मुस्ताङको स्याउ, आलु, लसुन, कालो सिमी, कर्णालीको सिमी, मकै, जौ, कोदो, मार्सी चामल, चिनो, कागुनो, ओखर, जिम्बु, बेसार आदि, बाग्लुङको भुटेको मकै, भांगो, पर्बतको जेठो बुढो चामललगायत विभिन्न रैथाने खाद्य वस्तुहरूको प्रशोधन, प्रवर्द्धन र बिक्री वितरण गरिरहेको कम्पनीले जनाएको छ ।


**Government of Nepal**
**Ministry of physical infrastructures & Transport**
**Department of Roads**
**Federal Roads Supervision And Monitoring Office,Kathmandu**
**Road Division Hetauda**
**Makwanpur**

**Invitation for Bids**

**Tender Notice Number: 02/2082/083**
First Date of Publication: 2082/04/20 (August 05, 2025)

1. Road Division, Hetauda invites Open Competitive Bidding (Single Stage Single/Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S.N. | Contract Identification No. | Work Site & Work Descriptions | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|
| 1 | RDHTD/33701169/2082/083-12 | Road Improvement and Structural works along Hetauda Chakrapath (Ring Road), Makwanpur | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 2 | RDHTD/33701169/2082/083-13 | Road Improvement and Structural works along Thaha Kailash Raksirang Manahari Simpani Road (Rupchandra Bista Marga), Makwanpur | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 3 | RDHTD/33701169/2082/083-14 | Road Upgrading works along Hulaki Sadak dekhi Gardaula Parsauni Bhatha sammako Sadak, Bindabasini Ga.Pa., Parsa | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 4 | RDHTD/33701169/2082/083-15 | Road Upgrading works of Makbul Thakurai ko Ghar Dekhi Sitaram Mesatarni ko Ghar Samma Chhapkaiya, Birgunj Ma. Na. Pa.-2, Parsa | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 5 | RDHTD/33701169/2082/083-16 | Road Upgrading works of Mulsimana dekhi Sukhchaina Gaun ko Pokhari Samma Birgunj Ma. Na. Pa.-18, Parsa | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 6 | RDHTD/33701169/2082/083-17 | Road Improvement and Structural works along Ektanga dekhi Ramauli, Harpur, Barbatadi, Biruwa Chowk hudai Jhabraha samm ko Tharuhat Road, Parsa | N/A | 6,50,000.00 | 90 Days/120 Days | 5,000.00 |
| 7 | RDHTD/33701138/2082/083-18 | Road Improvement and Extension works along Chure-Ratmate-Hetauda Section of MRM, Makwanpur | 77,73,321.06 | 2,00,000.00 | 90 Days/120 Days | 3,000.00 |
| 8 | RDHTD/33701138/2082/083-19 | Road Improvement and Protection works along Hetauda- Sarashwati Khola-Lothar Section of MRM, Makwanpur | 50,70,800.66 | 1,30,000.00 | 90 Days/120 Days | 3,000.00 |
| 9 | RDHTD/33701138/2082/083-20 | Footpath Construction works along Hetauda-Samari-Bhainse Section of TRP, Makwanpur | 43,33,601.27 | 1,10,000.00 | 90 Days/120 Days | 3,000.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | 26th Aug 2025 (2082/05/10) Time: 11:00 A.M. | 05th Sep 2025 (2082/05/20) Time: 12:00 P.M. | 05th Sep 2025 (2082/05/20) Time: 13:00 P.M. |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | | | | |
| Office code No.: - | 337013201 | | | | |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp .

**Division Chief**